त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: १६८/०७६/०७७ मितिः

२०७६।०६।०७

श्री विद्यार्थी कल्याण तथा खेलकुद शाखा,
त्रि.वि., कीर्तिपुर ।

दर्ता नं.- ८८
मिति- २०७६।६।१४

विषय : **निर्णय पठाइएको बारे ।**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७६।०६।०२ को बैठकको निर्णय नं. २६६२ त्यस निर्देशनालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्देशनानुसार अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल संलग्न छ/छैन ।

कृष्णदेव पन्त
उपप्रशासक

निर्णय नं. २६६२
त्रि.वि. व्यवस्थापन संकायतर्फ त्रि.वि.को नियमित कार्यक्रम बाहेक विश्वविद्यालयको केन्द्रीय कोषमा व्ययभार नपर्ने गरी क्याम्पसहरुले सञ्चालन गरेका विषयहरुमा र त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पसहरुमा हरेक वर्ष सेमेष्टरमा भर्ना भएका विद्यार्थी संख्याको १० (दस) प्रतिशतलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्नुपर्नेछ भन्ने त्रि.वि. छात्रवृत्ति र पुरस्कार तथा पदक सम्बन्धी निर्देशिका, २०७१ को निर्देशिका ४ र त्रि.वि. सम्बन्धन सम्बन्धी विनियम, २०७३ को विनियम २२ को २ मा व्यवस्था भए अनुसार केही विषयहरुको कोटा निर्धारण गर्दा १० प्रतिशत नपुग देखिएकोले हाल ३० सिट + २ सिट थप कोटा निर्धारण गरिएका BBA, BIM, BTTM, BHM र BBA Finance कार्यक्रमहरुमा ३० सिट + ३ सिट गर्ने तथा BBM का हकमा ४०+४ गरी जम्मा ४४ सिट कायम गरी निःशुल्क छात्रवृत्ति कोटामा वृद्धि गरी यसरी दिने निःशुल्क छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीबाट परीक्षा शुल्क, सेवा शुल्क, रजिष्ट्रेशन शुल्क बाहेक जम्मा शुल्कको ५ प्रतिशत मात्र अन्य शुल्कको रुपमा लिन पाउने व्यवस्था गर्न र निःशुल्क छात्रवृत्ति प्रदान गर्दा नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको सामुदायिक स्कुलबाट उत्तीर्ण भएका विद्यार्थीलाई पहिलो प्राथमिकता दिइने गरी व्यवस्था गर्न त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट प्रस्ताव भई आए बमोजिम स्वीकृति दिने निर्णय भयो ।